# राक्सिराङ्ग गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ०४, संख्या १२, मकवानपुर, मंसिर २६ गते, २०७७ साल

## भाग २

राक्सिराङ्ग गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम राक्सिराङ्ग गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सोही दफाको उपदफा (३) बमोजिम सर्व साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समिति(गठन तथा परिचालन) कार्यविधि २०७७

संवत् २०७७ सालको कार्यविधि नं. ५५

# मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समिति (गठन तथा परिचालन) कार्यविधि २०७७

प्रस्तावना :

नेपालको संबिधानले प्रत्याभुत गरेको शोषण बिरुद्धको हक र मानव बेचबिखन तथा ओसार पसारलाई रोक्न राक्सीराङ्ग गाउँपालिका भित्र मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको लागि समिति गठन तथा काम, कर्तव्य र अधिकार निर्धारणका लागि यो कार्यविधि तयार पारिएको हो ।

## भाग १

## प्ररम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समिति (गठन तथा परिचालन कार्यविधि २०७७" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अन्य अर्थ लागेमा वाहेक यस कार्यविधिमा,

(क) भन्नाले दफा ३ बमोजिम गाउँपालिकास्तरीय समिति र दफा ५ बमोजिम वडास्तरीय समितिलाई सम्झनु पर्दछ।

(ख) कार्यालय भन्नाले गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयलाई सम्झनु पर्दछ।

# भाग २

# समिति सम्वन्धी व्यवस्था

३. **गाउँपालिका स्तरीय मानव वेचविखन तथा ओसार पसार नियन्त्रण समिति :** (१) राक्सिराङ्ग गाउँपालिकामा देहायवमोजिमको एक गाउँपालिका स्तरीय मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समिति रहनेछ।

(क) गाउँपालिकाका प्रअध्यक्ष ............... ................ संयोजक

(ख) गाउँपालिकाका उप उपाध्यक्ष ...................... सह संयोजक

(ग) सामाजिक बिकास समितिका संयोजक ............. सदस्य

(घ) स्थानीय प्रशासन कार्यालयको सम्भव भएसम्म अधिकृतस्तरको प्रतिनिधी.................................... सदस्य

(ङ) स्थानीय प्रहरी कार्यालय प्रमुख वा निजले तोकेको प्रतिनिधी..................................................................सदस्य

(च) शिक्षा बिकास शाखा प्रमुख............... ...................सदस्य

(छ) सामाजिक बिकास शाखा प्रमुख......... ............... .. सदस्य

(ज) गाउँपालिकाको कानूनी सहजकर्ता .......................सदस्य

(झ) वालक्लब संजालका अध्यक्ष .... .............................सदस्य

(ञ) समितिको निर्णय बमोजिम मानब बेचबिखनका बिरुद्द क्रियासिल संस्थाहरु मध्ये तीनवटा गै.स.स.का प्रमुख ....... ......... ......... ......... ............................... ............... सदस्य

(ट) टोल विकास संस्था नगर समन्वय समितिकोअध्यक्ष.......... ......... ......................................................................सदस्य

(ठ) गाउँपालिकास्तरिय महिला समुहको प्रमुख ........ सदस्य

(ड) उद्योग वाणिज्य संघको प्रतिनिधि.... ......... ......... ....सदस्य

(ढ) गाउँस्तरीय युवा क्लब संजालका अध्यक्ष.... ..... .... सदस्य

(ण) महिला बालबालिका महाशाखाका प्रमुख.... सदस्य सचिव

४. **गाउँपालिका स्तरीय मानव वेचविखन तथा ओसार पसार नियन्त्रण समितिको काम, कर्तव्य र अधिकार :** दफा ३ बमोजिमको गाउँपालिका स्तरीय मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहने छ ।

(क) प्रचलित कानून बमोजिम उद्धार गरिएका व्यक्तिको परिचय खुल्ने आधिकारिक कागजात नभएमा त्यस्ता कागजात बनाउनका लागि सम्बधित निकायमा सिफारिस गर्ने ।

(ख) प्रचलित कानूनमा भए अनुरुप स्थानीय स्तरमा पुनर्स्थापना केन्द्र संचालन गर्ने सोको अनुगमन र आवश्यकता अनुसार सहयोग गर्ने ।

(ग) मानव बेचबिखन तथा ओसारपसार विरूद्ध जनचेतना अभिवृद्धि गराउने,

(घ) बेचबिखन प्रभावितका लागि राहत कोष स्थापना तथा सञ्चालनगर्ने ।

(ङ) आफ्नो क्षेत्रमा बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका व्यक्तिको संरक्षण र उद्धार गर्ने ।

(च) मानव बेचबिखन तथा ओसारपसारका बिरूद्ध स्थानीय स्तरमा कार्यरत संघ संस्थाहरू बीच समन्वय गर्ने ,

(छ) मानव बेचबिखन तथा ओसारपसार संग सम्वन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने र

(ज) प्रत्येक ४ महिनामा सो सम्वन्धी प्रतिवेदन कार्यपालिकामा पेश गर्ने,

(झ) गाउँपालिकाका वडाहरुमा मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण वडा समितिहरु गठन तथा परिचालन गर्ने।

५. **वडा स्तरीय मानव वेचविखन तथा ओसार पसार नियन्त्रण समितिः** प्रत्येक वडामा देहाय बमोजिमको मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समिति रहनेछ।

(क) वडाअध्यक्ष.... ................................ संयोजक

(ख) वडाका महिला सदस्य ........... ....... सदस्य

(ग) स्थानीय प्रहरी प्रमुख.......... ............. सदस्य

(घ) वडा भित्रका विद्यालयहरुका प्र.अ मध्येबाट वडा समितिले तोकेको एक प्र.अ. .............................................सदस्य

(ङ) टोल बिकास संस्था वडा समन्वय समितिको अध्यक्ष............................................................ सदस्य

(च) वडा वाल क्लब संजालका संयोजक... ........ सदस्य

(छ) वडाका महिला स्वास्थ्य स्वयम सेविका मध्येबाट एक. ................................................................ सदस्य

(ज) वडा स्तरिय महिला जागरण समुहका प्रमुख वा प्रतिनिधि .......................................................सदस्य

(झ) बेचबिखन प्रभावित मध्येबाट एक.................. सदस्य

(ञ) वडा स्तरीय युवा क्लब अध्यक्ष ......................सदस्य

(ट) वडा सचिव ............... ......................... सदस्य सचिव

६. **गाउँपालिका स्तरीय मानव वेचविखन तथा ओसार पसार नियन्त्रण समितिको काम, कर्तव्य र अधिकार :** वडा स्तरीय मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) बेच बिखन/जोखिमबाट बमोजिम उद्धार गरिएका व्यक्तिको परिचय खुल्ने आधिकारिक कागजात नभएमा त्यस्ता कागजात बनाउनका लागि सम्बधित निकायमा आवश्यक सिफारिस गर्ने । वडा स्तरमा पुनर्स्थापना केन्द्र भएमा सोको अनुगमन र आवश्यकता अनुसार सहयोग गर्ने ।

(ख) मानव बेचबिखन तथा ओसार पसार विरूद्ध जनचेतना अभिवृद्धि गराउने, वडा स्तरको आवश्यकता एवं माथिल्लो समितिले बनाएको नीति र योजना अन्तर्गत रही कार्यक्रमको कार्यान्वयन गर्ने । आफ्नो क्षेत्रमा बेचबिखन तथा ओसार पसारको जोखिममा रहेका व्यक्तिको संरक्षण र उद्धार गर्ने । मानव बेचबिखन तथा ओसारपसार का बिरूद्ध स्थानीय स्तरमा कार्यरत संघ संस्थाहरू बीच समन्वय गर्ने। मानव बेचबिखन तथा ओसारपसार संग सम्वन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने र प्रत्येक ४ महिनामा सो सम्वन्धी प्रतिवेदन सम्बन्धित निकायमा पठाउने।

## भाग ३

## समितिको बैठक सम्वन्धी व्यवस्था

७. **समितिको बैठक सम्बन्धी कार्यविधी :** गाउँपालिकास्तरीय तथा वडास्तरीय मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समितिको बैठक प्रत्येक २/२ महिनामा आवश्यकता अनुसार संयोजकले तोकेको मिति, स्थान र समयमा बस्ने छ ।

८. **समितिको गणपुरक संख्या :** गाउँपालिकास्तरीय तथा वडास्तरीय मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समितिको बैठकमा

कूल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकका लागि गणपुरक संख्या पुगेको मानिने छ ।

९. **समितिको बैठकको अध्यक्षता :** (१) गाउँपालिकास्तरीय तथा वडास्तरीय मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समितिको बैठकमा समितिको संयोजक र निजको अनुपस्थितिमा सहसंयोजक वा उपस्थित सदस्यहरू मध्ये वरिष्ठ सदस्यले गर्नेछ ।

(२) गाउँपालिकास्तरीय तथा वडास्तरीय मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण समितिको बैठकसम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **कार्यविधिमाथी संशोधन :** यस कार्यविधिलाई आवश्यकता अनुसार राक्सीराङ्ग गाउँकार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

**आज्ञाले**

**युवराज आचार्य**

**प्रमुख प्रशासकिय अधिकृत**

**राक्सिराङ्ग गाउँपालिका, चैनपुर, मकवानपुर/ मुद्रण रु १० मात्र ।**